बैठक नं. ५

आ.व. २०८२/०८३

आज मिति २०८२/७/१३ गते नगरकार्यपालिकाको बैठक मध्यविन्दु नगरकार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिलः

| क.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद बि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

अन्य उपस्थितिः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | पदमराज आचार्य | उपसचिव | [signature] |
| २ | सुमनराज रेग्मी | ब.लेखा अधिकृत | [signature] |
| ३ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | [signature] |
| ४ | माधव प्रसाद देवकोटा | ईन्जिनियर | |
| ५ | विवेक पोखरेल | ईन्जिनियर | [signature] |
| ६ | रवि थनेत | सूचना प्रविधि अधिकृत | [signature] |
| ७ | विकास नरसिंह राणा | स. प्रशासकीय अधिकृत | |
| ८ | जयसोर भुसाल | सि.अ.हे.व. छैठौं | |
| ९ | प्रेम वहादुर सारु | वरिष्ठ प्रशासन सहायक | [signature] |
| १० | रितु चौधरी | नी.प्रा.सि. [?] | [signature] |
| ११ | शुभ राना [?] | रोजगार संयोजक | [signature] |
| १२ | विनय खत्री [?] | स. प्रशासकीय अधिकृत | [signature] |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |

पाँचौं कार्यपालिका बैठक

आ.व.२०८२/०८३

मिति:२०८२/७/१३

समय: दिउसो २:०० बजे

स्थान: नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरु:

१. समीक्षा सम्वन्धमा।
२. नदीजन्य पदार्थको आ.व.२०८१/०८२ को आय ठेक्का सम्बन्धमा।
३. नगर अस्पताल सञ्चालन कार्यविधि, २०८२ स्वीकृति सम्बन्धमा।
४. आ. व. २०८१/ ८२ मा जे.सि.बि. ले गरेको कार्यघण्टा अनुमोदन सम्बन्धमा।
५. हाटबजारको दररेट अनुमोदन सम्बन्धमा।
६. मध्यविन्दु २ को चिस्यान केन्द्रको विस्तृत अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धमा।
७. नगरपालिकाभित्र निजी घर निर्माण गराउने निर्माण व्यवसायीको सुचिकृत सम्वन्धमा।
८. सामी वडा सम्पर्क व्यक्तिको निरन्तरता तथा सेवा सुविधा सम्बन्धमा।
९. २१ हप्ते वित्तीय साक्षरता कक्षा सञ्चालनका लागि वडा छनौट सम्बन्धमा।
१०. कृषि विकास कार्यक्रम सञ्चालनका लागि बजार दररेट अनुमोदन सम्वन्धमा।
११. पोषण कार्यक्रम सञ्चालनका लागि कार्यक्रम स्वीकृत एवम् स्थान छनौट सम्बन्धमा।
१२. जीवनविज्ञान फोकल पर्सन सम्वन्धमा।
१३. सहजीकरण सम्बन्धमा।
१४. उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना प्रस्ताव पेश गर्ने स्वीकृति सम्बन्धमा।
१५. आ. व. २०८१/०८२ को वार्षिक प्रगति समीक्षा सम्वन्धमा।

निर्णयहरु:

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको बिषयमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि समीक्षा गरियो।
२. आ.व. २०८१/ ०८२ मा नदीजन्य पदार्थको आय ठेक्का आह्वान गरी ठेक्का सकार गरेका बोलपत्रदाताहरुले सम्झौता परिमाणमा उल्लिखित घनमिटर भन्दा बढी परिमाण उत्खनन् गरेको प्राविधिक प्रतिवेदनबाट देखिएकोले देहायका बोलपत्रदाताबाट बढी उत्खनन् भएको देहायको परिमाणमा सम्झौतामा उल्लेख भएको दररेटमा १० प्रतिशत जरिवाना थप गरी राजश्व लिने र विक्री आदेश दिने।

देहाय

| सि.नं. | ठेक्का नम्बर | बोलपत्रदाताको नाम | दर प्रति घ.मि. | सम्झौता परिणाम घ.मि. | कुल उत्खनन परिमाण घ.मि. | बढी उत्खनन परिमाण घ.मि. | सम्झौता बमोजिमको थप रकम | जरिवाना रकम रु | कुल जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २/२०८१/८२ | रमणिय रुबि भ्याली कन्स्ट्रक्सन प्रा.लि | ३२३.८९३२ | ८९१० | १०७४१.५४७०३ | १८३१.५४७०३२ | ५९३२२५.६३ | ५९३२२.५६३ | ६५२५४८.१९ |
| २ | ४/२०८१/८२ | महारुद्र कन्स्ट्रक्सन प्रा.लि. | ३३६.९२४१ | ६९५४ | ८४३६.५६३३४६ | १४८२.५६३३४६ | ४९९५११.३२ | ४९९५१.१३२ | ५४९४६२.४५ |
| ३ | ५/२०८१/८२ | इलाइट निर्माण सेवा | ३३१.५९७२ | २८८० | २९९५.२१३९६२ | ११५.२१३९६२२ | ३८२०४.६३ | ३८२०.४६२७ | ४२०२५.०९ |
| ४ | ६/२०८१/८२ | इलाइट निर्माण सेवा | ३३०.५५५६ | ३६०० | ३८८३.८५६१८९ | २६३.८५६१८९४ | ८७२१९.१४ | ८७२१.९१४१ | ९५९४१.०६ |
| ५ | ७/२०८१/८२ | शिव निर्माण सेवा | ३३०.९६९३ | ८४६० | ८५०३.८२६३२९ | ४३.८२६३२९३१ | १४५०५.१७ | १४५०.५१७ | १५९५५.६९ |
| ६ | १६/२०८१/८२ | चुर कन्स्ट्रक्सन प्रा.लि | ३२८.४५७२ | ३५०४६ | ३५८८५.०३४१६ | ८३९.७३४१६३२ | २७५५८६.८१ | २७५५८.६८१ | ३०३१४५.४९ |
| ७ | १७/२०८१/८२ | बैराठे कन्स्ट्रक्सन प्रा.लि. | ३१८.१११५ | १९३८० | २०३२९.७२७०४ | ९४९.७२७०४१८ | ३०२११९.०९ | ३०२११.९०९ | ३३२३३१.०० |
| ८ | १८/२०८१/८२ | सम्मेल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ३१७.८६७३ | १०९२० | ११७४४.३७ | ८२४.३७१९१६८ | २६२०४०.८८ | २६२०४.०८८ | २८८२४४.९६ |
| ९ | २८/२०८१/८२ | रिदम निर्माण सेवा | ३२१.५०७९ | १२६०० | १३४५५.८४१०६ | ८५५.८४१०६२१ | २७५१५९.६६ | २७५१५.९६६ | ३०२६७५.६३ |
| १० | २९/२०८१/८२ | सम्मेल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ३५५.०५११ | ३५२५ | ३७१४.८० | १८९.७९९६८०१ | ६७३८८.५९ | ६७३८.८५८५ | ७४१२७.४४ |
| ११ | ०४/२०८१/८२ | रुकमणि कन्स्ट्रक्सन प्रा.लि | ३२४.०७४ | ३७८० | ३८९२.७७ | ११२.७७३६८७४ | ३६५४७.०२ | ३६५४.७०२ | ४०२०१.७२ |
| १२ | ०५/२०८१/८२ | गायत्री बालुवा प्रशोधन प्रा.लि | ३१९.२ | ९५५५ | ९६६६.५३१४३ | १११.५३१४२९६ | ३५६००.८३ | ३५६०.०८३२ | ३९१६०.९२ |
| | | कुल | | १२५६१० | १३३२३०.०८५८३९ | ७६२०.०८५८३९ | २४८७१०८.७७ | २४८७१०.८८ | २७३५८१९.६५ |

३. स्थानीय तहको आधारभुत स्वास्थ्य र सरसफाइ सम्बन्धी अधिकारको कार्यान्वयन गर्न स्थापना गरिएको मध्यविन्दु नगर अस्पतालको सेवालाई पहुँचयोग्य, गुणस्तरीय एवम् जनउत्तरदायी बनाई यसको सञ्चालनलाई व्यवस्थित बनाउने उद्देश्यले तयार गरिएको मध्यविन्दु नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १(सि.नं.५) बमोजिम स्वीकृत गर्ने।

४. आ. व. २०८१/०८२ मा नगरपालिकाको ब्याक हो लोडर निशुल्क रुपमा वडागत प्रयोजनका लागि ७३३ घण्टा र नगरस्तरीय प्रयोजनका लागि १२५ घण्टा गरी जम्मा ८५८ घण्टा कार्य गरेको सम्बन्धमा वन, बातावरण तथा विपद् व्यवस्थापन शाखाबाट प्रस्तुत भएको विवरण अनुमोदन गरियो।

५. नगरपालिका क्षेत्रभित्र रहेका हाट बजारबाट आन्तरिक आय संकलन गर्ने प्रयोजनका लागि आर्थिक ऐन बमोजिम विभिन्न समयमा ३ पटकसम्म सूचना प्रकाशन गर्दा समेत आर्थिक प्रस्ताव नपरेकोले मिति २०८२/५/१७ गतेको राजश्व परामर्श समितिको सिफारिस बमोजिमको दररेट कायम गर्ने।

६. भारत सरकारको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (High Impact Community Development Projects HICDPS) का लागि छनौट भएको चिस्यान केन्द्रको Relocating and Preperation of detailed project report of Cold store Building at Madhyabindu Municipality स्वीकृत गर्ने र सो वापत लागेको खर्च रकम रु ३९७,१३९ (भ्याट सहित) आर्क इन्जिनियरिङ्ग प्रा. लि.लाई भुक्तानी दिने।

७. नगरपालिकाभित्र निजि घर निर्माण गराउने निर्माण व्यवसायीहरुलाई सूचना प्रकाशन गरी सूचिकृत गर्ने।

८. सुरक्षित आप्रवासन कार्यक्रमलाई सञ्चालन गर्नका लागि छनौट भएका सामी वडा सम्पर्क व्यक्तिहरुलाई गत आर्थिक वर्षके रुपमा निरन्तरता दिने र काममा खटाए बापत मासिक रुपमा यातायात खर्च वापत रु २०००/- र सञ्चार खर्च बापत रु ५००/- दिने।

९. सुरक्षित आप्रवासन कार्यक्रमको २१ हप्ते वित्तीय साक्षरता कक्षा सञ्चालनका लागि वडा नं. ११ र १५ छनौट गर्ने।

१०. कृषि विकास कार्यक्रम सञ्चालनका लागि जिल्ला दररेटमा समावेश नभएका सामग्रीहरुको कृषि विकास शाखाबाट बजार दरभाउ लिई औषत कायम गरिएको मूल्यलाई आ.व. २०८२/०८३ का लागि नगर दररेट कायम गर्ने।

११.नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले आ. व. २०८२/८३ का लागि पोषण तर्फ सिफारिस गरेको एकिकृत कार्यक्रम अनुमोदन गर्ने। साथै उक्त कार्यक्रम सञ्चालनका लागि वडा नं. १५ छनौट गर्ने।

१२.नगरपालिका स्तरीय जीवन विज्ञान फोकल पर्सनको रुपमा मध्यविन्दु ४ मा रहेको जनता शिद्ध अमर माध्यामिक विद्यालयको मा. वि. राहत दरवन्दीमा कार्यरत शिक्षक माया महतोलाई तोक्ने।

१३.पूर्व पश्चिम राजमार्गको मिड प्वाइन्ट स्मारक निर्माणको लागि ग्राउण्ड फिलिङ, आन्तरिक बाटो मर्मत एवम् मध्यविन्दु नगर अस्पताल अगाडिको खुसी पार्क लागि गाउण्ड फिलिङ गर्न आवश्यक नदीजन्य पदार्थ स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गिरुवारी खोलाबाट प्राविधिक लागत अनुमान बमोजिम उत्खनन् तथा निकासीका लागि आवश्यक सहजीकरणका लागि जिल्ला समन्वय समितिको कार्यालय र जिल्ला प्रशासनको कार्यालय कावासोतीलाई सिफारिस गरी पठाउने।

१४.संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार भारत सरकारको सहयोगमा संचालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना कार्यक्रममा मापदण्ड बमोजिम लागत सहभागिता गर्नुपर्ने १० प्रतिशत रकम नगरपालिकाको समपुरक कोषमा विनियोजित बजेटबाट व्यवस्थापन गर्ने गरी मिति २०८१/ ५/२७ को कार्यपालिका बैठकबाट निर्णय भई पेश गरेकोमा शितभण्डार निर्माण मध्यविन्दु-२ छनौट भईसकेकोले पुन देहायका आयोजनाहरु प्रस्ताव पेश गर्ने।

देहाय:

क. कोल्हुवा सामुदायिक रिडिङ्ग हल, मध्यविन्दु- २

ख. श्री जनता शिद्ध अमर मा.वि. भवन निर्माण, मध्यविन्दु- ४

ग. नवजागरण रिडीङ्ग हल,मध्यविन्दु- ७

घ. प्रसौनी खानेपानी आयोजना मध्यविन्दु-१५

१५. आर्थिक वर्ष २०८१/ ०८२ को शाखागत, वडागत सहित नगरपालिकाको समग्र प्रगति, कार्यान्वयनमा देखिएका समस्याहरू र समाधानका उपायहरू सहितको वार्षिक प्रगति समिक्षाको प्रस्तुतिकरण भयो । उक्त प्रस्तुतिकरणमा उठेका सवाल र प्राप्त भएका सुझाव समेतलाई समेटेर प्रगति समीक्षा प्रतिवेदन तयार गर्नुका साथै उक्त प्रतिवेदनलाई नगरपालिकाको वेभ साइटमा प्रकाशन गर्ने।